पैयूँ गाउँपालिका

# गाउँ कार्यपालिकाको बैठक

मितिः २०७७/०९/१७ गते

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पर्वत हुवास, गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णयहरू**

१. यस कार्यालयमा कार्यरत वास संयोजकलाई यहि माघ महीनादेखि जनसम्पर्क अधिकृतको पद सिर्जना गरी सोही पदका लागि कार्यालयले काममा लगाउने र साविकमा खाईपाई आएको सेवा सुविधा उपलब्ध गराउने ।

२. आगामी आर्थिक वर्ष २०७८/७९ का लागि राष्ट्रिय योजना आयोगबाट माग भई आए बमोजिम निम्नानुसारका आयोजनाहरूलाई माग गरि पठाउने ।

विशेष अनुदान तर्फः फोहोर मैला व्यवस्थापन आयोजना (ज्यामिरे गैरे)

समपूरक अनुदान तर्फः वालाकोट-सित्ले-साधने-सरौखोला सडक आयोजना

३. आगामी आर्थिक वर्ष २०७८/७९ का लागि गण्डकी प्रदेश सरकारसँग निम्नानुसारका आयोजनाहरूलाई माग गरी पठाउने ।

<u>गण्डकी प्रदेश विशेष अनुदान तर्फः</u>

1. पालुस्थान पैयूँकोट पदमार्ग
2. त्रिवेणी-दुगलुङ-मैदान-शिवपूरीधाम-उराम सडक आयोजना

<u>गण्डकी प्रदेश समपूरक अनुदान तर्फः</u>

i. त्रिवेणी-निकर्का-भुर्तेलथोक-वानिडाँडा-गुरूङगाउँ-सिसिकोट-स्याङ्जा सडक आयोजना

ii. धरादी-हातेमालो चोक-धरमपानी- उपल्लो गोपुक मैदान-पालुस्थान सडक आयोजना

४. यसै गाउँपालिकाको उद्यम विकास समितिको निर्णयबाट सेवा करारमा नियुक्त भएका उद्यम विकास सहजकर्ता श्री सोनी श्रेष्ठको करार नियुक्ति सदर गर्ने ।

५. चालू आर्थिक वर्षका लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि जिल्ला समन्वय समिति, पर्वतको च.नं. १३९ मिति २०७७/०८/२६ को प्राप्त पत्र बमोजिम निम्नानुसार आयोजनाहरू छनौट भएको विषय जानकारी भयो ।

<u>छनौट भएका आयोजनाहरूको विवरण</u>

| | |
|---|---|
| पालुस्थान पर्यटन क्षेत्र पूर्वाधार निर्माण (पैयूँ-३, पर्वत)- | रू. १० लाख |
| पात्ले पोखरा पर्यटकीय पूर्वाधार निर्माण (पैयूँ-५, पर्वत) | रू. ७ लाख |
| यज्ञश्वर आधारभूत विद्यालय पूर्वाधार निर्माण (पैयूँ-६, पर्वत) | रू. १० लाख |
| वहरेको जिरो-सरौ-भोर्ले (साविक ३) नेपाने चोक सडक (पैयूँ-७, पर्वत) | रू. १० लाख |

६. यस कार्यालयबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको सम्झौता तथा भुक्तानी प्रकृयालाई अझै प्रभावकारी र सरलीकृत गर्नको लागि सबै वडा कार्यालयहरूले भुक्तानी समेतका लागि सिफारिस गर्दा सबै आवश्यक कागजातहरूलाई रूजू गरी पठाउने ।

७. यस कार्यालयमा रहेका देहाय बमोजिमका सवारी साधनहरू मर्मत गर्दा लागेको देहाय बमोजिम रकम भुक्तानी गर्ने ।

देहाय

गा१झ ३८३ पिकअपः कन्टिनेण्टल ट्रेडिङ इन्टरप्राइजेज प्रा.लि., बालाजुः रू. ४७५१६७।—
बा१झ ८४८७ फूलबडीः सुब्बा ओम मोटर पार्टस् पोखरा समेतः रू. ४३१६०९।-

८. कोभिड १९ को न्यूनीकरण तथा रोकथामका लागि विगतमा कुश्मामा रहेको पुलिङ क्वारिन्टिनमा भएको खर्चका लागि खर्च पुष्टि हुने सबै कागजातहरू संलग्न गर्न लगाई भुक्तानी प्रकृया अघि बढाउने ।

९. यस गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा नयाँ निर्माण हुने घर टहराहरूलाई अनिवार्य रूपमा नक्सापास गर्न लगाई निर्माण कार्य अघि बढाउन सबै वडा कार्यालयहरूले तदारूकता लिने ।

१०. चालू आर्थिक वर्षका लागि यस गाउँपालिका अन्तर्गत सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आवश्यक निर्माण सामग्रीहरू खरिद गर्नको लागि रू. २ लाख बजेट व्यवस्था मिलाउने ।

११. यसै गाउँपालिका वडा नं. ७ मा रहेको जनता माध्यमिक विद्यालय, भोर्लेको पर्खाल निर्माणको लागि प्राविधिक लागत अनुमानको आधारमा बजेटको व्यवस्था गरी उक्त निर्माण कार्यलाई कार्यान्वयन गर्ने ।

१२. गाउँपालिका अन्तर्गतका प्रत्येक वडाहरूमा रहेका खरका छाना प्रतिस्थापन गर्नको लागि हरेक वडाहरूले २०/२० घरधूरीहरूको विवरण छनौट गरी पठाउने र ती घरहरूको विवरण कार्यालयले सम्बन्धित निकायमा पठाउने ।

१३. यसै गाउँपालिका वडा नं. ३ निवासी श्री शेरबहादुर सुनारको शौचालय तथा घर संरक्षण गर्नको लागि निजले सम्पन्न गरेको निर्माण कार्यका लागि रू. ५००००/- अनुदान उपलब्ध गराउने ।

१४. यसै गाउँपालिका वडा नं. ४ मा रहेको गएटारी सौरीकोट सडक निर्माण कार्यका लागि रू. ७००००/- बजेट व्यवस्था गर्ने ।

१५. पैयूँ क्षेत्र एम्बुलेन्स सञ्चालक समितिबाट पेश भई आए बमोजिम चालू आर्थिक वर्षको साउन र भदौ महिनामा यस गाउँपालिकाका वासिन्दाहरूलाई सो समितिद्वारा सञ्चालित एम्बुलेन्समा विरामी यात्रा गरे वापत दिइँदै आएको सहुलियत रकम रू. २३२००।— सो समितिलाई भुक्तानी दिने ।

-0-

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुवारा, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३